ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
भ्रष्टाचार विरूद्धको सहकार्य

घर नं.: ५७/६२, छकुबकु मार्ग, नयाँबानेश्वर, काठमाडौं, नेपाल
पोष्ट बक्स नं.: ११४८६
फोन: ००९७७-१-४५७५२६२, ४५७५०६२, फ्याक्स: ००९७७-१-४५७५११२
इमेल: trans@tinepal.org, वेभसाइट: www.tinepal.org, tinepal

जि.प्र.का. काठमाडौं दर्ता नं.८७/०५३/०५४, समाज कल्याण परिषद् आ.नं.१४०११

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल
TRANSPARENCY INTERNATIONAL NEPAL
भ्रष्टाचार विरुद्धको सहकार्य The Coalition Against Corruption

# CPI 2022 सम्बन्धी प्रेस नोट

काठमाडौं, ०७९ माघ १७ (जनवरी ३१, २०२३)। ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) द्वारा आज Corruption Perceptions Index (CPI) 2022 (भ्रष्टाचार अवधारणा सूचकाङ्क) सार्वजनिक गरिएको छ। यस बर्ष सूचकाङ्कमा डेनमार्क ९० अङ्क प्राप्त गरी सबैभन्दा कम भ्रष्टाचार हुने मुलुक र सोमालिया १२ अङ्क प्राप्त गरी सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकका रुपमा सूचीकृत भएका छन् । यस सूचकाङ्कमा १०० अङ्कले अति स्वच्छ र ० अङ्कले अति भ्रष्ट जनाउँछ भने ५० भन्दा कम अंक (स्कोर) प्राप्त भएमा बढी भ्रष्टाचार हुने मुलुकका रुपमा मानिने गरिएको छ। यस वर्षको औसत अंक ४३ रहेको र विश्वका दुई तिहाई मूलुकमा भ्रष्टाचार गम्भिर समस्याको रुपमा रहेको उल्लेख गरिएको छ ।

सीपीआई २०२२ मा नेपाललाई १०० मा ३४ अङ्क (११० औं स्थान) दिइएको छ। CPI 2021 मा नेपालको अंक ३३ (११७ औं स्थान) रहेको थियो। नेपालको अंकमा केहि सुधार भएता पनि भ्रष्टाचार व्याप्त मुलुकहरूको श्रेणीमै कायम रहेको छ।

**सीपीआईमा नेपाल: २०१२ देखि २०२२ सम्म**

| वर्ष (सन्) | २०२२ | २०२१ | २०२० | २०१९ | २०१८ | २०१७ | २०१६ | २०१५ | २०१४ | २०१३ | २०१२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्कोर/कूल अङ्क | ३४/१०० | ३३/१०० | ३३/१०० | ३४/१०० | ३१/१०० | ३१/१०० | २९/१०० | २७/१०० | २९/१०० | ३१/१०० | २७/१०० |
| स्थान/कुल देश | ११०/१८० | ११७/१८० | ११७/१८० | ११३/१८० | १२४/१८० | १२२/१८० | १३१/१७६ | १३०/१६८ | १२६/१७५ | ११६/१७७ | १३९/१७६ |

सीपीआई २०२२ मा दक्षिण एशियाली राष्ट्रहरूमध्ये भुटानले ६८ अङ्क (२५ औं), मालदिभ्सले ४० अङ्क (८५ औं), भारतले ४० अङ्क (८५ औं), श्रीलङ्काले **३६** अङ्क (१०१ औं), नेपालले **३४** अङ्क (११० औं), पाकिस्तानले **२७** अङ्क (१४० औं), बङ्गलादेशले **२५** अङ्क (१४७ औं) र अफगानिस्तानले २४ अङ्क (१५० औं) प्राप्त गरेका छन्। छिमेकी मुलुक चीनले **४५** अङ्क (६५ औं) प्राप्त गरेको छ।

सन् २०२२ मा विश्व बैङ्क, वर्ल्ड इकोनोमिक फोरम, ग्लोबल इनसाइट, बर्टेल्सम्यान फाउन्डेशन, वर्ल्ड जस्टिस प्रोजेक्ट र भी-डीईएम सहित ६ वटा संस्थाद्वारा प्रकाशित सर्वेक्षणलाई CPI 2022 को आधार मानिएको छ । सर्वेक्षणहरूमध्ये विश्व बैङ्कले सरकारद्वारा सार्वजनिक पदाधिकारीहरूको काम-कारबाहीको निगरानी, नागरिक समाजलाई राज्यको सूचनामा पहुँच र सीमित व्यक्तिहरूको राज्य सञ्चालनमा पकडबारे सर्वेक्षण गरेको छ। वर्ल्ड इकोनोमिक फोरमले आयात निर्यात, सार्वजनिक सेवा, कर भुक्तानी, ठेक्का-पट्टा र न्यायिक निर्णयमा भ्रष्टाचारबारे सर्भेक्षण गरेको छ। ग्लोबल इनसाइटले व्यापार, व्यवसाय, ठेक्का-पट्टा, आयात निर्यातमा घूस र भ्रष्टाचारबारे सर्वेक्षण गरेको छ। बर्टेल्सम्यान फाउन्डेसनले पदको दुरुपयोगमा सार्वजनिक पदाधिकारीमाथि कतिको कारबाही हुन्छ र सरकारको भ्रष्टाचार नियन्त्रणको प्रयास कतिको सफल छ भन्ने सर्वेक्षण गरेको छ। वर्ल्ड जस्टिस प्रोजेक्टले सरकार, न्यायालय, संसद् र सुरक्षा निकायका प्रतिनिधिहरूद्वारा निजी स्वार्थका लागि सार्वजनिक पदको दुरुपयोग विषयमा सर्वेक्षण गरेको छ। भेराइटिज अफ डेमोक्रेसी प्रोजेक्ट (भीडीईएम) ले राजनीतिक भ्रष्टाचारअन्तर्गत संसद, कार्यपालिका र न्यायपालिका सम्बन्धित भ्रष्टाचारको व्यापकता जस्ता विषयमा सर्वेक्षण गरेको छ। यस्ता विषयमा समस्या कायमै रहेकाले सन् २०२२ को सूचकाङ्कमा नेपालको स्थान औसत भन्दा तल रहेको अर्थात भ्रष्टाचार गंभीर समस्याकै रुपमा रहेको देखिएको छ ।

**सीपीआई २०२२ मा नेपालको स्कोरका लागि प्रयोग भएका तथ्याङ्क र सम्बद्ध संस्था**

| वर्ष | विश्व बैङ्क | वर्ल्ड इकोनोमिक फोरम | ग्लोबल इनसाइट | बर्टेल्सम्यान फाउन्डेसन | वर्ल्ड जस्टिस प्रोजेक्ट | भी-डीईएम | सीपीआई स्कोर |
|---|---|---|---|---|---|---|---|
| २०२२ | ३५ | ३८ | ३५ | ३३ | ३० | ३० | ३४ |
| २०२१ | ३५ | ३४ | ३५ | ३३ | ३२ | ३० | ३३ |
| २०२० | ३५ | ४० | ३५ | २९ | ३२ | २९ | ३३ |
| २०१९ | ३५ | ४० | ३५ | २९ | ३५ | २९ | ३४ |
| २०१८ | ३५ | ३३ | ३५ | २५ | ३२ | २५ | ३१ |
| २०१७ | ३५ | ३४ | ३५ | २५ | ३२ | २५ | ३१ |
| २०१६ | ३५ | २६ | ३४ | २४ | ३१ | २१ | २९ |
| २०१५ | ३५ | ३३ | २२ | २३ | २४ | - | २७ |
| २०१४ | ३५ | ३१ | २२ | २८ | ३१ | - | २९ |
| २०१३ | ३५ | २८ | ३२ | २८ | ३२ | - | ३१ |
| २०१२ | ३५ | २७ | २२ | २३ | ३१ | - | |

ट्रान्सपरेन्सी इन्टरनेशनलद्वारा CPI 2022 सम्बन्धी प्रेश वक्तव्यमा भ्रष्टाचार विरुद्ध विश्वभरनै प्रभावकारी कार्य हुन नसकेको, भ्रष्ट्र सरकारले नागरिकको सुरक्षा गर्ने क्षमता नराख्ने र फलस्वरुप नागरिक वितृष्णा द्वन्दमा रुपान्तरण हुने उल्लेख गरिएको छ । एसिया प्रशान्त क्षेत्रमा भ्रष्टाचार विरोधी कदमलाई त वेवास्ता नै गरिएको भनी जनाइएको छ । ट्रान्सपरेन्सी इन्टरनेशनलले सरकारहरुलाई भ्रष्टाचार विरोधी प्रतिवद्धतालाई प्राथमिकता दिन, सूचनाको हक कायम राख्न तथा नीजी प्रभाव कम गर्दै भ्रष्टाचार र त्यसबाट उत्पन्न हुने द्वन्दबाट मुक्त हुन आग्रह गरेको छ ।

ट्रान्सपरेन्सी इन्टरनेशनल (टी.आई) नेपाल भ्रष्टाचार विरुद्ध हालै नेपाल सरकारबाट भएको प्रतिवद्धताको कार्यान्वयन, स्वार्थको द्वन्दको सम्बोधन, दण्डहिनताको अन्त्य, कानुनको पालना र नियन्त्रणमुखी निकायहरुको प्रभावकारीता मार्फत सुशासनको अभिवृद्धि गर्न सम्बद्ध पक्षहरुको ध्यानाकर्षणका लागि अपिल गर्दछ । यस्ता प्रयास सार्थक भए भविष्यमा यस सूचकाङ्कमा नेपालको अवस्थामा सुधार हुने अपेक्षा गर्न सकिन्छ ।

Corruption Perceptions Index 2022 सम्बन्धमा Transparency International बाट आज जारी प्रेश विज्ञप्ती र थप जानकारी www.transparency.org/cpi मा उपलब्ध छ। टीआई नेपालको प्रेस विज्ञप्ति www.tinepal.org मा उपलब्ध छ।

पद्मिनी प्रधानाङ्ग
अध्यक्ष
ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल


**थप जानकारीका लागि :**

पद्मिनी प्रधानाङ्ग, अध्यक्ष, ९८५११२८२४२

शरच्चन्द्र वस्ती, उपाध्यक्ष, ९८५१०१९६८८

मदन कृष्ण शर्मा, महासचिव, ९८५१०२२२१२